घोडाघोडी नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

सुखड, कैलाली

**सुदुरपश्चीम प्रदेश, नेपाल**

## आन्तरिक आय सङ्कलन कार्य ठेक्का दिने सम्बन्धमा टेण्डर आह्वानको सूचना

आ.व.२०८२।०८३

कवाडी कर सम्बन्धी बोलपत्र पेश गरेको निवेदन
(बोलपत्रदाता फर्म संस्था वा कम्पनीको छाप)

घोडाघोडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुखड, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

मिति: २०८२/ /

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
घोडाघोडी नगरपालिका, सुखड, कैलाली

महासय,

हामीले बोलपत्र सम्बन्धी सुचनामा समावेश भएका शर्तहरु अध्ययन गर्यौ । प्रस्तुत कवाडी कर संकलन गर्न हाम्रो मन्जुरी भएकोले यो बोलपत्र पेश गरेका छौ ।

प्रस्तुत कामको लागि सबैभन्दा घटी कबोल गर्ने वा कुनै पनि बोलपत्रदाताको बोलपत्र स्विकृत गर्न खरिदकर्ता बाध्य नभएको कुरा हामीले बुझेका छौ ।

हामी खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्ताबित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको घोषणा गर्दछौ ।

यसै साथ संलग्न भएको फेहरिस्त बमोजिमका कागजातहरु बोलपत्रसाथ पेश गरेका छौ ।

भवदिय,

हस्ताक्षर.......................

फर्म संस्था वा कम्पनीको तर्फबाट:

हस्ताक्षर गर्ने अधिकारिक व्यक्तिको नाम:

पद:

बोलपत्र पेश गर्ने फर्म, संस्था वा कम्पनीको नाम:

नविन मल्ल
ईन्जिनियर

शिव सिंह भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

# घोडाघोडी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
सुखड, कैलाली
## सुदुरपश्चिम प्रदेश, नेपाल

**आन्तरिक आय संकलन तर्फको दरभाउ पत्र आह्वान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति: २०८२।०४।०४ गते

यस घोडाघोडी नगरपालिकाको निर्णय अनुसार स्थानीय तहको अधिकार क्षेत्र भित्र रहेका देहायका शिर्षकमा राजश्व असुली सम्बन्धी कार्य आ.व. २०८२।०८३ को लागि ठेक्का द्धारा गराउन यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पुरा गरी ईच्छुक फर्म/कम्पनीहरुले दरभाउ पत्र खरिद गरी देहायको मिति र समय भित्र टेण्डर बोलपत्र यस कार्यालयमा पेश गर्नहुन सूचना प्रकाशन गरिएको छ । अन्य थप जानकारीको लागि यस कार्यालयको सूचना पाटी, यस कार्यालयको वेवसाईट www.ghodaghodimun.gov.np तथा कार्यालय समय भित्र घोडाघोडी नगरपालिका कार्यालयको राजश्व शाखामा सम्पर्क गर्न सकिनेछ ।

**ठेक्का विवरण:**

| आय ठेक्का नं. | उठाउनु पर्ने राजश्व शिर्षक | न्यूनतम ठेक्का अंक (मु.अ. कर तथा अन्य कर बाहेक) रु. | दरभाउपत्र फारम दस्तुर | धरौटी | सूचनाको अवधि |
|---|---|---|---|---|---|
| NCB/GMU/02/082/083 | कवाडी कर | २०,०५,०००/- (बिस लाख पाच हजार मात्र) | रु ३,०००।– | कवोल अंकको ५ प्रतिशत भ्याट सहित | ३० दिन |

**ठेक्का सम्बन्धी शर्तहरु:**

१. यस कार्यालयबाट प्रकाशित सूचना अनुसार माथि उल्लेखित ठेक्काहरुको लागि तोकिएको बोलपत्र फारम दस्तुर (पछि फिर्ता नहुने गरी) यस कार्यालयको नाममा रहेको कृषि विकास बैंक, सुखड शाखामा रहेको राजश्व खाता नं.०८२२३००४१११५११९६ मा रकम जम्मा गरी सो को भौचर पेश गरी सक्नुपर्नेछ ।
२. बोलपत्रसाथ धरौटी वापत आफुले कबोल गरेको अंकको नेपाली नागरिक भए पाच (५) प्रतिशत र विदेशी नागरिक भए दश (१०) प्रतिशत यस कार्यालयको नाममा मा कृषि विकास बैंक, सुखड शाखामा रहेको धरौटी खाता नं. ०८२२३००४१११५१०९९ जम्मा गरेको बैंक भौचर प्रतिलिपि पेश गर्नु पर्नेछ वा सो बराबरको रकम "क" वर्गको बैंकवटा जारी गरिएको धरौटी जामनत पेश गर्नु पर्नेछ
३. ठेक्का अवधि सम्झौता भएको मिति देखि २०८३ साल असाढ मसान्त सम्म लागु हुनेछ र नगरपालिकाको निर्णय अनुसार अवधि थप गर्न समेत सकिनेछ ।

नविन मल्ल
ईन्जिनियर

शिव सिंह भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

४. यो सूचना प्रकाशित भए बमोजिम खरिद भएका बोलपत्रहरु २०८२।०५।०३ गते १२:०० बजे भित्र दाखिला गरि सक्नुपर्नेछ र सोही दिन २:०० बजे बोलपत्र खोलिनेछ । प्राप्त बोलपत्रहरु सोही दिनको २:०० वजे घोडाघोडी नगरपालिकाको कार्यालयमा दरभाउपत्रदाताको रोहवरमा खोलिनेछ । बोलपत्रदाताहरुको उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने अन्तिम दिन, दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमसः सो को भोलीपल्ट सोही समयमा बोलपत्र खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ ।

५. बोलपत्र फारम दर्ताको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र, फर्मको ठेगाना र व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ ।

६. कबोल रकम अंक र अक्षरमा प्रष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षर मान्यता दिईनेछ ।

७. बोलपत्र स्वीकृत भएपछि स्वीकृत रकम को रकम बराबरको रकम वा सोहि बमोजिम हुने गरी चौध महिना अवधिको मान्यताप्राप्त बैंकबाट जारी गरिएको कार्य सम्पादन जामनत (परफरमेन्स बोन्ड) प्राप्त भएपछि ठेक्का पाउने सबै सर्तहरु खुलाई सम्बन्धित ठेकेदार संग काबुलियत गराईने छ ।

८. सम्झौता गर्दा अग्रिम एकमुष्ट रकम दाखिला गरेमा स्वीकृत अंकको ५% छुट दिईनेछ ।

९. कार्य सम्पादन जामनत (परफरमेन्स बोन्ड) राखिएको हकमा नौ (९) महिनाभित्र वार्षिक रकम चुक्ता गरी सक्नु पर्नेछ । सम्झौता बमोजिम किस्ता रकम नबुझएमा ठेकेदारले राखेको बैंक ग्यारेन्टीबाट किस्ता असुल उपर गर्ने वा ठेक्का बदर गर्न सक्नेछ । यस कुरामा ठेकेदारले कुनै उजुरी आपत्ति गर्न पाउने छैन ।

१०. नियमानुसार नेपाल सरकारलाई बुझाउनुपर्ने मु.अ.कर, अग्रिम आय कर लगायतका सम्पूर्ण करहरु ठेकेदार स्वयम् आफैले व्यहोर्नु पर्नेछ । तसर्थ यस ठेक्का अंकमा त्यस्ता कुनै पनि कर रकमहरु समावेश गरिएको छैन ।

११. ठेकेदारले ठेक्का सम्झौता पछि यस नगरपालिकालाई बुझाउनु पर्ने रकममा कुनै किसिमको मिनाहको लागि दावी गर्न पाईनेछैन ।

१२. सर्त राखिएको वा रित नपुगेको बोलपत्रलाई मान्यता दिईने छैन ।

१३. रकम असुलीको लागि कार्यालयले तोकिदिएको भन्दा फरक हुने गरी कर, शुल्क लिएको पाइयमा वा ठहरेमा बढी उठाएको रकम फिर्ता गर्न लगाई जरिवाना गरी कार्यालयले ठेक्का समेत बदर गर्न सक्नेछ । यसलाई लिएर कुनै दाबी बिरोध गर्न पाईनेछैन ।

१४. ठेक्का अवधिभर ठेक्का संचालन गर्दा यस नगरपालिकालाई कुनै किसिमको हानी नोक्सानी पुर्याएमा सोको हर्जाना समेत ठेकेदारबाट असुल गरिने छ ।

१५. बोलपत्र स्वीकृत भएको जानकारी पाएको ७ (सात) औ दिनभित्र तोकिएको अंक बराबरको रकम सहित कवुलियत गर्न वा पट्टा पुर्जी लिन नआएमा बोलपत्र पेश गर्दा राखेको धरौटी जफत गरी अन्य व्यवस्था गरिनेछ ।

१६. ठेकिएको रकम असुल गर्दा लाग्ने जनशक्ति लगाएतको सम्पूर्ण कुराको व्यवस्था ठेकेदार आफूले नै गर्नु पर्नेछ । रसिदको नमुना कार्यालयले तोके बमोजिमको ढाचामा ठेकेदारको तर्फबाट छपाउनु पर्नेछ । रसिद कार्यालयमा अभिलेख राखी, छाप लगाएर प्रमाणित गरी प्रयोग गर्नु पर्नेछ ।

नविन मल्ल
ईन्जिनियर

घोडाघोडी नगर कार्यपालिकाको कार्यालय
सुखड, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

शिव सिंह भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

१७. ठेकेदार फर्म, व्यक्ति वा संघसंस्थाले कार्यालयलाई कुनै ठेक्का चुक्ता गर्न वा बुझाउन बाकी भइ वक्यौता देखिएमा त्यस्तो ठेकेदार, व्यक्ति वा संघसंस्थाले उक्त बाकीं चुक्ता गरी ठेक्का सम्झौता गर्नु पर्नेछ अन्यथा धरौटी जफत गरिने छ ।

१८. नेपाल सरकार, अदालत र कार्यालयले दिएको आदेश निर्देशनको ठेकेदारले अक्षरशः पालना गर्नु पर्नेछ । उल्लेखित सर्त बाहेक अन्य सर्तहरु प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

१९. बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंसिक मात्र गर्ने सर्वाधिकार कार्यालयलाई हुनेछ ।

२०. ठेकेदारले नेपाल सरकार तथा नगरकार्यपालिकाको कार्यालयले समय समयमा दिएकोनिर्देशनको पालना गर्नुपर्नेछ । कार्यालय र ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा नगरकार्यपालिकाको कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ ।

२१. टेण्डर दाखिला नगरपालिकाको कार्यालयको राजस्व शाखा मार्फत गर्नु पर्नेछ ।

२२. थप जानकारीका लागि घोडाघोडी नगरपालिका, राजस्व शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ ।

घोडाघोडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुखड, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

नविन मल्ल
ईन्जिनियर

शिव सिंह भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
घोडाघोडी नगरकार्यपालिकाको कार्यालय,
सुखड, कैलाली ।

घोडाघोडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुखड, कैलाली

शिव सिंह भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

विषय: दरभाउ पत्र पेश गरेको सम्बन्धमा ।

तहाँ कार्यालयबाट मिति २०८२/ / मा प्रथम पटक प्रकाशित सूचनाको शर्त अनुसार काम गर्ने गरी आर्थिक वर्ष २०८२/०८३ को लागि नगरपालिकाले तोकेको दरमा विज्ञापन कर संकलन ठेक्काको लागि तपशिल बमोजिमको रकम कबोल गरेको छु ।

| ठेक्का नं. | ठेक्का सम्बन्धि विवरण | (मू.अ.कर बाहेक) कबोल न्यूनतम ठेक्का अंक रु | (मू.अ.कर बाहेक) गरेको रकम (अंकमा) रु | (मू.अ.कर बाहेक) कबोल गरेको रकम (अंक्षरमा) | धरौटी रकम रु (अंक र अक्षरमा) | कैफियत |
|---|---|---|---|---|---|---|
| NCB/GMU/02/082/083 | कवाडी कर | २०,०५,०००/- (बिस लाख पाच हजार मात्र) | | | | कबोल रकमको किस्ता बुँझाउदा १३% मू.अ.कर रकम थप गरी घोडाघोडी नगरपालिकामा बुझाउने छु । |

बोलपत्रदाता फर्म/कम्पनीको नाम र छाप :
दस्तखत:
ठेगाना:
सम्पर्क नं.:

घोडाघोडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुखड, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

# अनुसूची ५

(ऐनको दफा ६ उपदफा (१) संग सम्बन्धीत)

जडीबुटी तथा कवाडी कर र जीवजन्तु करको दर

| सि.नं. | कारोबारको प्रकार | इकाई | दर रु |
|---|---|---|---|
| १ | झिँडू ( प्राकृतिक तथा कृतिम उनका टुक्रा ) | प्रति के.जी. | २ |
| २ | गार्मेन्टको किपडाको टुक्रा | प्रति के.जी. | २ |
| ३ | जलेको मोबिल | प्रति लिटर | २ |
| ४ | जुटका बोरा २५ के जी अट्ने | प्रति के.जी. | ०.५ |
| ५ | जुटका बोरा ५० के जी अट्ने | प्रति के.जी. | १ |
| ६ | जुटका बोरा १०० के जी अट्ने | प्रति के.जी. | २ |
| ७ | प्लास्टिक बोरा | प्रति के.जी. | ३ |
| ८ | पुराना प्लास्टिक | प्रति के.जी. | २ |
| ९ | कार्पेटका टुक्रा | प्रति के.जी. | २ |
| १० | टायर टियुब | प्रति के.जी. | १ |
| ११ | तेलको टिन १० लि. भन्दा कम | प्रति के.जी. | २ |
| १२ | तेलको टिन १० लि. भन्दा बढी | प्रति के.जी. | ५ |
| १३ | पुरानो कपि किताब | प्रति के.जी. | १० |
| १४ | पुरानो ड्रम | प्रति के.जी. | १ |
| १५ | पुराना मेसिनरी औजार | प्रति के.जी. | ५ |
| १६ | अखवारन्यूज प्रिन्ट | प्रति के.जी. | ३ |
| १७ | अन्य कागज कार्टुन समेत | प्रति के.जी. | ५ |
| १८ | खाली सिसि ५०० ml भन्दा मासथ | प्रति गोटा | १ |
| १९ | खाली सिसि ५०० ml भन्दा तल | प्रति गोटा | ०.५ |
| २० | फलाम | प्रति के.जी. | ५ |
| २१ | थोत्रियर कामनलाग्ने मेसिनरी औजार | प्रति के.जी. | २ |
| २२ | अन्य धातु पित्तल, तामा र कास आदि | प्रति के.जी. | १२ |
| २३ | पोलिथिन पाईप का टुक्रा | प्रति के.जी. | ३ |
| २४ | काचको धुलो र टुक्रा | प्रति के.जी. | १ |
| २५ | खाली सिसि बियर | प्रति गोटा | १ |
| २६ | पुरानो ब्याट्री | प्रति के.जी. | १२ |
| २७ | काठको ठेकी | प्रति के.जी. | ५ |
| २८ | जस्ता पाता | प्रति के.जी. | १० |
| २९ | अल्मुनियम हल्का खाले | प्रति के.जी. | १२ |
| ३० | अल्मुनियम ढोका | प्रति के.जी. | १० |
| ३१ | स्टिल | प्रति के.जी. | ५ |
| ३२ | विविध | प्रति के.जी. | ५ |

नविन मल्ल
ईन्जिनियर

शिव सिंह भण्डारी
प्रमुख प्रशासकीय अधिकृत